जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०४ पृष्ठः ४ | २०८३ साउन २८ बिहीबार (Thursday 13 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजार घटनामा ६४ संरचनामा आगजनी र तोडफोड, ७४ करोडको धनमाल क्षति



सिरहा, २७ साउन। आन्दोलनको क्रममा यहि १४ साउनमा एक किशोरको ज्यान जाने गरी भएको घटनापछि तोडफोड र आगजनी हुँदा ७४ करोड १३ लाखको मूल्यको धनमाल क्षति भएको छ। गोलबजार क्षेत्रका१८ वटा पसल, व्यवसाय,१५ वटा निजी घर, २८ सवारीसाधन, धार्मिक तथा शैक्षिक स्थल गरी ६४ संरचनामा आगजनी र तोडफोडहुँदा उक्त मूल्य बराबरको क्षेति भएको हो।

पीडितबाट प्राप्त निवेदनको आधारमा गरिएको स्थलगत मुचुल्का विश्लेषण गर्दा प्रदर्शनको क्रममा ७४ करोड १३ लाख ९० हजारको क्षति पुगेको सिरहा प्रहरी प्रमुख प्रहरी एसपी वासुदेव पाठकले जानकारी दिए। सबैभन्दा बढी क्षति निजी घर तथा व्यापारिक संरचनातर्फ ३४ करोड पाँच लाख ५९ हजार, पसल व्यवसायमा ३३ करोड १७ लाख १२ हजार, सवारीसाधनतर्फ एक एक करोड दुई लाख, धार्मिक तथा शैक्षिक स्थलमा तोडफोड तथा आगजनीबाट पाँच करोड ८१ लाख ९० हजारको क्षति भएको प्रहरीको भनाई छ।

## मादक पदार्थको सुरमा इँटा प्रहार गरी श्रीमतीको हत्या, श्रीमान् पक्राउ

सप्तरी, २७ साउन। सप्तरीमा मादक पदार्थ सेवन गरी श्रीमतीलाई कुटपिट तथा ईँटाले प्रहार गरी हत्या गरेको अभियोगमा श्रीमान् पक्राउ परेका छन्। सुरुङ्गा नगरपालिका–१ स्थित शिशुवारी मुसहरी टोलमा बस्ने ५६ वर्षीय कोसिया सदालाई प्रहरीले पक्राउ गरेको हो। उनलाई आफ्नै ५२ वर्षीया श्रीमती फुल कुमारी सदाको हत्या गरेको आरोप लगाइएको छ।

प्रहरीका अनुसार साउन २० गते साँझ करिब ६ बजे मादक पदार्थ सेवन गरेका कोसियाले श्रीमतीलाई कुटपिट गरेका थिए। सोही क्रममा उनले ईँटाले टाउकोमा प्रहार गर्दा फुल कुमारी गम्भीर घाइते भएकी थिइन्। घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय भेडियाबाट खटिएको टोलीले घाइतेलाई तत्काल उद्धार गरेको थियो। त्यसपछि उनलाई उपचारका लागि सिरहाको लहानस्थित प्रादेशिक अस्पतालमा पठाइएको थियो।

घटनालगत्तै प्रहरीले आरोपित कोसियालाई नियन्त्रणमा लिएको थियो। सुरुमा इलाका प्रहरी कार्यालय कडरबोनाले उनीविरुद्ध 'अभद्र व्यवहार' मुद्दामा अनुसन्धान अघि बढाएको थियो। त्यसका लागि सप्तरी जिल्ला अदालतबाट साउन २० गतेदेखि लागू हुने गरी पाँच दिनको म्याद थप गरिएको थियो।

–बाँकी तीन पेजमा

## राजनीतिक खिचातानीको मारमा स्थानीय गौरवका आयोजना

**सुदिप रावत**

सिरहा, २७ साउन। पाँच वर्षअघि संघीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागतमा निर्माण सुरु भएको लहान–१७ स्थित देवीदह पर्यटकीय आयोजना अहिले अलपत्र अवस्थामा छ। बीस बिघा क्षेत्रफलमा फैलिएको धार्मिक तथा पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि आर्थिक वर्ष २०७७/७८ मा छ करोड ९३ लाख बजेट स्वीकृत भएको थियो। निर्माण कम्पनी 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि'सँग सम्झौता भई करिब २० प्रतिशत काम सकिए पनि त्यसपछि आयोजना अघि बढ्न सकेको छैन। विगत चार वर्षदेखि निर्माणको काम रोकिएको छ।



लहान बजारदेखि देवीदहसम्म पुग्ने नौ किलोमिटर सडक ग्राभेल भइसकेको थियो भने पोखरी परिसरमा बन्ने अन्य संरचनाको तयारीसमेत अघि बढेको थियो। चारैतिर घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना बनाएर यस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने महत्वाकांक्षी योजना अघि सारिएको थियो।

देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादव भन्नुहुन्छ, "त्यति बेला पोखरीलाई व्यवस्थित गरेर पर्यटकीय गन्तव्य बनाउने योजना निकै उत्साहका साथ अघि बढेको थियो। सडक निर्माणदेखि पोखरी परिसरमा विभिन्न संरचना बनाउने तयारीसम्म काम अगाडि बढिसकेको थियो। आयोजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो।" तर अहिले पोखरी वरिपरि निर्माण हुन थालेका संरचनाका अवशेष मात्रै देखिन्छन्।

वि.सं.२०७९ को स्थानीय तह निर्वाचनपछि परिस्थिति फेरियो। लहान–१७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार, नयाँ नेतृत्व

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सदभावमाथि आगो नबलोस्

सुनसरीको कप्तानगन्जमा भएको घटनाको चार दिनपछि सिरहाको गोलबजारमा एकजनाको ज्यान जाने गरी भएको हिंसात्मक प्रदर्शनले एउटा गम्भीर प्रश्न उठाएको छ, वर्षौंदेखि मिलेर बसेको समाजलाई आखिर कसले र किन विभाजन गर्न खोजिरहेको छ? १४ साउनमा भएको प्रदर्शनका क्रममा घर तथा पसल छानी–छानी तोडफोड र आगजनी हुनु केवल आपराधिक घटना होइन, यो सामाजिक सदभावमाथिको गम्भीर प्रहार हो। कर्फ्यु हटेपछि जनजीवन बिस्तारै सामान्य बन्दै गए पनि पीडित समुदायको मनमा बसेको त्रास अझै हटिसकेको छैन।

गोलबजारमा हिन्दु, मुस्लिम र बौद्ध समुदायका नागरिक पुस्तौँदेखि आपसी भाइचारा र सहिष्णुतासहित बस्दै आएका छन्। एउटाको सुखमा अर्को सहभागी हुने र दुःखमा साथ दिने यही सामाजिक सम्बन्ध कुनै उत्तेजना, अफवाह वा राजनीतिक स्वार्थका कारण क्षणभरमै भत्किनु दुःखद् मात्र होइन, अत्यन्त चिन्ताजनक विषय हो। धर्म मानिसलाई जोड्ने माध्यम बन्नुपर्नेमा त्यसैलाई घृणा र हिंसा फैलाउने हतियार बनाइनु सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन।

शान्ति र सदभावका लागि आयोजित संवादमा स्थानीय अगुवा, व्यापारी, सामाजिक अभियन्ता तथा विभिन्न धर्मका प्रतिनिधिले गाउँ–बस्ती तहसम्म संवाद विस्तार गर्नुपर्नेमा दिएको जोड स्वागतयोग्य छ। संकटपछि संवाद आवश्यक हुन्छ, तर संवाद केवल कार्यक्रमको मञ्चमा सीमित हुनुहुँदैन। टोल, विद्यालय, बजार, धार्मिक संस्था र युवामाझ नियमित अन्तरसमुदायिक संवादको वातावरण बनाउनुपर्छ। सामाजिक दूरी घटाउने र गलत सूचना रोक्ने अभियान पनि सँगसँगै अघि बढाउनुपर्छ।

गोलबजार घटनाले सामाजिक सञ्जालको जिम्मेवारीमाथि पनि गम्भीर प्रश्न उठाएको छ। सूचनाको माध्यम बन्नुपर्ने सामाजिक सञ्जाल अफवाह, उत्तेजना र घृणा फैलाउने माध्यम बन्दा त्यसको परिणाम कति भयावह हुन सक्छ भन्ने घटना आफैँले देखाएको छ। पत्रकारिता र सामाजिक सञ्जाल प्रयोगकर्ताबीचको भिन्नता नबुझी कुनै पनि सामग्रीलाई सत्य मानेर प्रतिक्रिया जनाउनु जोखिमपूर्ण हुन्छ। त्यसैले नागरिकमा डिजिटल साक्षरता बढाउनु र गलत सूचना फैलाउनेमाथि कानुनी कारबाही गर्नु आवश्यक छ।

सबैभन्दा महत्वपूर्ण कुरा, हिंसामा संलग्न व्यक्तिको पहिचान राजनीतिक वा सामुदायिक दबाबका आधारमा होइन, प्रमाण र कानुनका आधारमा हुनुपर्छ। प्रदर्शनका क्रममा एकजनाको मृत्यु भएको विषयमा निष्पक्ष अनुसन्धान हुनैपर्छ। गोली कसले चलायो, किन चलायो र त्यसबाट ज्यान गुमाउने अवस्था कसरी सिर्जना भयो भन्ने प्रश्नको विश्वसनीय उत्तर राज्यले दिनुपर्छ। दोषी जुनसुकै समुदाय, दल वा समूहसँग सम्बन्धित भए पनि कानुनको कठघरामा उभ्याइनुपर्छ। न्यायमा विभेद भयो भने त्यसले घाउ निको पार्नुको साटो अझ गहिरो बनाउनेछ।

त्यस्तै, आगजनी र तोडफोडबाट पीडित परिवार तथा व्यवसायीलाई राज्यले राहत, सुरक्षा र क्षतिपूर्तिको उचित व्यवस्था गर्नुपर्छ। सुरक्षाको अभावमा व्यापारी, बैंक तथा वित्तीय संस्था पलायन भए गोलबजारको आर्थिक गतिविधि मात्र होइन, दीर्घकालीन विकास र सामाजिक एकतामै असर पर्नेछ। स्थानीय सरकारले पीडितको सुरक्षा सुनिश्चित गर्दै बजारको विश्वास पुनःस्थापित गर्न तत्काल पहल गर्नुपर्छ।

अब गोलबजारलाई प्रतिशोध होइन, पुनर्निर्माण चाहिएको छ आरोप होइन, सत्य चाहिएको छ उत्तेजना होइन, संवाद चाहिएको छ। धार्मिक पहिचानका आधारमा नागरिकलाई विभाजित गर्ने कुनै पनि प्रयासको सामूहिक प्रतिरोध आवश्यक छ। राजनीतिक दल, स्थानीय सरकार, प्रशासन, धार्मिक अगुवा, नागरिक समाज, शिक्षक, सञ्चारमाध्यम र युवाले साझा जिम्मेवारी निर्वाह गर्नुपर्छ।

गोलबजारको भविष्य आगोले होइन, आपसी विश्वासले निर्धारण गर्ने हो। हिंसाले जितेको समाजमा कोही पनि सुरक्षित हुँदैन। त्यसैले आजैदेखि एउटा साझा संकल्प गरौँ, धर्म फरक हुन सक्छ, तर नागरिकता र मानवता एउटै हो असहमति हुन सक्छ, तर हिंसाको ठाउँ छैन। सदभावमाथि फेरि आगो नबलोस्।

# मधेस सरकारको 'प्लान बी' : संघ सरकार तयार नभए प्रदेशमा स्वयंसेवक प्रहरी

**कमलेश ठाकुर**

काठमाडौं, २७ साउन। प्रदेश प्रहरी ऐन बनाएको आठ वर्षसम्म पनि भर्ना गर्न नपाएको मधेस प्रदेशले आफ्नै प्रहरी भर्तीका लागि कसरत अघि बढाएको छ। प्रदेश प्रहरी भर्नाका लागि संघले आलटाल गरे मधेस सरकार 'प्लान बी' सहित अघि बढेको हो। प्रदेशले ऐन कार्यान्वनका लागि सहजीकरण गरिदिन संघीय गृहमन्त्री सुधन गुरूङलाई आग्रह गरेको छ। प्रदेश प्रहरीका लागि बजेट समेत विनियोजन हुँदा पनि संघको आलटालले भर्ना रोकिएको भन्दै प्रदेशका गृहमन्त्री फकिरा महतोले संघीय गृहमन्त्री गुरूङसँग भेट गरेका हुन्। उनले प्रधानमन्त्री बालेन्द्र शाहसँग पनि प्रदेश प्रहरीबारे छलफल हुने बताए। संघ सरकार तयार नभए स्वयंसेवक प्रहरी भर्ना गरिने महतोले बताएका छन्। ''एक सातापछि प्रधानमन्त्रीलाई पनि फाइल बुझाउँछौँ। संघीय सरकारले आलटाल गरेमा हामीसँग 'प्लान बी' पनि छ,'' उनले भने।

संघीय गृहमन्त्री गुरूङले प्रदेश प्रहरी भर्नाका लागि सकारात्मक संकेत गरेको प्रदेशका गृहमन्त्री महतोको भनाइ छ। आफूले सम्पूर्ण प्रक्रिया पुरा गरेर संघीय मन्त्रालयमा फाइल बुझाएको भन्दै उनले यसै वर्षबाट भर्ना प्रक्रिया अघि बढ्ने जिकिर गरे। ''हाम्रो काम प्रदेश कानुन बनाउने अनि कार्यान्वयन गर्ने हो। त्यसका लागि हामीले संघसँग समन्वय गरिरहेका छौँ। गृहमन्त्रीले सकारात्मक प्रतिक्रिया दिनुभएको छ,'' महतोले भने। महतोका अनुसार प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा बनेको ऐन र प्रदेश प्रहरी नियमावली २०७७ संघीय गृहमन्त्री गुरुङलाई बुझाइएको छ।

संघीय सरकारले प्रदेश प्रहरी भर्नका लागि आलटाल गरे प्रदेश स्वयंसेवक प्रहरी भर्ना प्रक्रिया अघि बढ्ने महतोले बताए। मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेमा प्रदेश प्रहरी भर्ना एवं व्यवस्थापनका लागि एक करोड रुपैयाँ छुट्याएको छ। २०७५ पुष १५ गते मधेस प्रदेश सरकारले राजपत्रमा प्रदेश प्रहरी ऐन प्रकाशित गरेको थियो। संघको आनाकानीका कारण हालसम्म प्रदेश प्रहरी भर्ती हुन नसकेको मधेस प्रदेश सरकारको आरोप छ।

**'स्रोतको सकंट हुन सक्छ'**

संघको अनुमतिबिना प्रदेश प्रहरी भर्ना भए आर्थिक भार थेग्न प्रदेशलाई कठिन हुने जानकारहरू बताउँछन्। प्रदेश सरकारले आफ्नो अधिकार प्रयोगका लागि अग्रसरता देखाउनु सकारात्मक भए पनि स्रोतको व्यवस्थापनका लागि संघसँग समन्वय हुनैपर्ने पूर्व सांसद प्रह्लाद लामिछाने बताउँछन्। ''शक्ति बाँडफाँट र अधिकार प्रयोग न्यायोचित रूपमा हुनुपर्छ। सन्दुक र बन्दुक बिनाको संघीयता प्रभावकारी हुँदैन। संघले प्रादेशिक ऐनअनुसार प्रहरी भर्नका लागि धेरै आलटाल गर्नुहुँदैन,'' उनले भने।

अर्थशास्त्री डा. भोगेन्द्र झाले पनि आर्थिक पाटोमै चिन्ता व्यक्त गरे। समायोजन हुँदा प्रहरीसँगै तलबको बोझ पनि आउने भएकाले प्रदेशले पहिला स्रोत सुनिश्चित गर्नुपर्ने उनको मत छ। संघीय सरकारको स्वीकृति पछि कार्यान्वयनमा ल्याउँदा ल्याउँदा प्रदेश सरकारलाई कम भार पर्ने उनको टिप्पणी छ। ''संघको अनुमति बिना प्रदेश प्रहरी भर्ना गर्दा आर्थिक चिन्ता छँदैछ, त्योसँगै तालिम कसले दिने भन्ने पनि समस्या आउन सक्छ,''अर्थशास्त्री झाले भने,''संघको अनुमित बिना आएपछि उसको प्रहरीले किन प्रशिक्षण कसरी दिन्छ ? राम्रो प्रशिक्षण नपाए प्रहरीले आफ्नो कर्तव्य कसरी निर्वाह गर्छ ?''

**ऐनमा के–के व्यवस्था छ ?**

ऐनले प्रदेश प्रहरी संगठनलाई पूर्ण रूपमा समावेशी बनाउने लक्ष्य राखेको छ। दफा ९ अनुसार खुला पदपूर्तिमध्ये ४५ प्रतिशत पद आरक्षणका लागि सुरक्षित गरिएको छ। जसमा मधेसी (४४.३६%), दलित (१७.२९%), मुस्लिम (११.५८%), आदिवासी/जनजाति (६.६१%), थारु (५.२७%), र आर्थिक रूपले विपन्न खस आर्य (४.८९%) को स्पष्ट कोटा तोकिएको छ। यी सबै आरक्षित समूहभित्र ५० प्रतिशत पद अनिवार्य रूपमा महिलाका लागि आरक्षित गरिएको छ। यसबाहेक महिलाका लागि छोटो परीक्षणकालको व्यवस्था छ। प्रहरी सेवामा प्रवेश गर्दा पुरुष कर्मचारीको परीक्षणकाल एक वर्ष तोकिएको छ भने महिला प्रहरी कर्मचारीको हकमा यो अवधि ६ महिना मात्र तोकी महिला अनुकूल व्यवस्था गरिएको छ।

ऐनको दफा ९२ ले प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा वा अपराध रोकथाम र अनुसन्धानको सिलसिलामा असल नियतले गरेको काममा व्यक्तिगत सजाय वा जरिवाना नहुने कानुन हक प्रदान गरेको छ।

**कुन–कुन प्रहरी छन् ?**

ऐनको दफा ४ को उपदफा (१)मा ५ वटा समूहमा प्रहरीलाई विभाजन गरिएको छ। जनपद प्रहरी समूह, प्राविधिक प्रहरी समूह, पर्यटक प्रहरी, सामुदायिक प्रहरी र ट्राफिक प्रहरी समूह बनाइएको छ। यस्तै दफा ५ मा श्रेणी र पद बारे व्यवस्था गरिएको छ। पाँच वटा श्रेणीमा ११ वटा पदलाई वर्गीकृत गरिएको छ। राजपत्राङ्कित विशिष्ट श्रेणीमा प्रहरी महानिरीक्षक, प्रथम श्रेणीमा प्रहरी नायव महानिरीक्षक र वरिष्ठ प्रहरी उपरीक्षक रहेका छन्। द्वितीय श्रेणीमा प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षक रहेका छन् भने तृतीय श्रेणीमा प्रहरी निरीक्षक रहेका छन्। सोभन्दा मुनिका प्रहरी नायव निरीक्षकदेखि चौथो तह प्रहरी जवान स्तरअनुसार रहेका छन्। यसबाहेक श्रेणीविहीनमा प्रहरी कार्यालय सहयोगी वा सो सरह राख्ने व्यवस्था छ।

ऐनको परिच्छेद ३ को दफा ९ मा पदपूर्ति तथा भर्ना सम्बन्धी व्यवस्था गरिएको छ। दफा ९ को उपदफा (४)मा प्रहरी कार्यालय सहयोगी र प्रहरी जवान शतप्रतिशत खुला प्रतियोगिताबाट भर्ना गरिने व्यवस्था ऐनमा गरिएको छ। प्रहरी हवलदार, प्रहरी नायव निरीक्षक र प्रहरी उपरीक्षक वा सोभन्दा माथिल्लो तहको पदपूर्ति शतप्रतिशत बढुवाद्वारा गरिने प्रावधान छ। प्रहरी सहायक निरीक्षक र प्रहरी निरीक्षक ५० प्रतिशत खुल्ला प्रतियोगिता र ५० प्रतिशत बढुवाद्वारा पदपूर्ति गरिने ऐनमा उल्लेख गरिएको छ।

**पाँच वर्षसम्म नोकरी छोड्न नपाइने**

ऐनको दफा ४९(१) अनुसार नियुक्ति भएको पाँच वर्ष नपुग्दासम्म कुनै पनि प्रहरी कर्मचारीले राजीनामा दिन नपाउने व्यवस्था गरेको छ। ऐनको दफा ६८ मा सामान्य विभागीय सजाय अन्तर्गत "यातना नहुने गरी शारीरिक परिश्रम गराउने वा नियन्त्रणमा राख्ने" व्यवस्था छ। दफा ९१ मा स्पष्ट रूपमा "बिदा अधिकारको कुरा होइन" भनी उल्लेख गर्दै बिदा स्वीकृत गर्ने वा नगर्ने कुरा अधिकारीको तजबिजमा छाडिएको छ।

दफा ५४, ५५ र ५९ अनुसार प्रहरी कर्मचारीले सरकारको पूर्व स्वीकृति विना सञ्चारमाध्यम (रेडियो, टिभी, सामाजिक सञ्जाल) मा कुनै लेख प्रकाशन गर्न, अभिव्यक्ति दिन, वा आफूमाथि लागेको आरोपका सम्बन्धमा स्पष्टीकरण दिन प्रेसको सहारा लिन नपाउने कडा प्रतिबन्ध लगाएको देखिन्छ। यसले गर्दा भित्रै अन्यायमा परेका प्रहरीले पनि बाहिर आवाज उठाउन नपाउने देखिन्छ। दफा ७५ ले परीक्षणकालमा चित्तबुझ्दो काम नगरेमा वा मेडिकल बोर्डले अनुपयुक्त ठहर भएमा कर्मचारीलाई सफाइको मौका समेत नदिई सोझै सेवाबाट हटाउन सकिने प्रावधान राखेको छ।

**प्रहरी भर्नाको माग गर्दै धर्ना**

मधेस प्रदेश सरकारले आफ्नै प्रहरी भर्नाको माग गर्दै पटक–पटक धर्ना र दबाबमूलक कार्यक्रम समेत गऱ्यो। प्रदेश सरकारले मधेस भवनको प्रशासनिक भवन रहेको जनकपुर चुरोट कारखाना २०७९ साउन ३ गते धर्ना गरेको थियो। संघीय सरकारको ध्यानाकर्षण गराउन उक्त आन्दोलन गरिएको थियो। यसमा प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतसहित सबै मन्त्रीहरूले उपस्थिति जनाएका थिए।




प्रदेश सरकारले प्रदेश प्रहरी ऐन ल्याएको दुई वर्षपछि संघीय प्रहरी ऐन प्रतिनिधि सभाबाट पारित भएको थियो। त्यसपछि पनि कार्यान्वयनमा नजाँदा आन्दोलनमा उत्रिनु परेको तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले बताएका थिए। उक्त आन्दोलन गर्नुअघि मधेस प्रदेश सरकारले सात दिने अल्टिमेटमसहित प्रदेश प्रमुख हरिशंकर मिश्रमार्फत प्रहरी समायोजनका लागि तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवालाई ध्यानाकर्षण पत्र बुझाएको थियो।

२०७५ कार्तिक ६ गते जनकपुरधाम आएको बेला पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश सरकारले बनाएको प्रदेश प्रहरी ऐनप्रति असन्तुष्टि जनाएका थिए। उनले प्रदेश प्रहरी ऐन र सरकारको कामप्रति लक्षित गर्दै भनेका थिए, 'ओभरटेक गऱ्यो भने दुर्घटना हुन्छ, दुर्घटना हुने गरी अगाडी नबढौं।'

त्यसयता प्रचण्ड नेतृत्वको पार्टी अधिकांश समय मधेस प्रदेश सरकारमा सत्तारुढ दलको रूपमा सहभागी रह्यो। दुई पटक प्रचण्ड नेतृत्वकै पार्टीले मधेस प्रदेशको गृहमन्त्रीको जिम्मेवारी पायो। तत्कालीन गृह मन्त्री भरतप्रसाद साहले प्रदेश प्रहरी भर्नाको माग गर्दै संघीय सरकारविरुद्ध आन्दोलन नै अगाडि बढाएका थिए। अहिले पनि प्रचण्ड नेतृत्वकै पार्टीबाट फकिरा महतो प्रदेशको गृहमन्त्री बनेका छन्। उनले पनि पहलकदमी लिएर प्रदेश प्रहरी भर्ना गर्न संघर्ष गरिरहेका छन्। बाह्रखरीबाट

# मधेसमा विद्युत् पूर्वाधार विस्तार : नयाँ प्रसारण लाइन र सबस्टेसन निर्माण तीव्र

**नयाँ प्रसारण लाइन र सबस्टेसन निर्माणपछि मधेसमा विद्युत् आपूर्ति गुणस्तर तथा विश्वसनीयता सुधार हुने र औद्योगिक विस्तारका लागि आवश्यक ऊर्जा पूर्वाधार तयार हुने अपेक्षा छ।**

काठमाडौं, २७ साउन। मधेस प्रदेशमा बढ्दो विद्युत् माग सम्बोधन गर्न प्रसारण लाइन तथा सबस्टेसन निर्माणका रणनीतिक आयोजनाले गति लिएका छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तत्कालीन विद्युत् माग पूरा गर्नेमात्र नभई उद्योग, व्यवसाय र घरेलु उपभोक्ताबाट आगामी दिनमा थपिने मागसमेत धान्ने गरी प्रसारण संरचना विस्तारलाई प्राथमिकता दिएको हो।

नयाँ प्रसारण लाइन र सबस्टेसन निर्माणपछि मधेसमा विद्युत् आपूर्ति गुणस्तर तथा विश्वसनीयता सुधार हुने र औद्योगिक विस्तारका लागि आवश्यक ऊर्जा पूर्वाधार तयार हुने अपेक्षा छ। निर्माणाधीन आयोजना समयमै सक्न मन्त्रालयले नियमित अनुगमन, समन्वय र सहजीकरण गरिरहेको जनाएको छ। ऊर्जामन्त्री विराजभक्त श्रेष्ठका अनुसार मधेसमा विद्युत् माग सम्बोधन गर्ने उद्देश्यले अघि बढाइएका विभिन्न प्रसारण लाइन तथा सबस्टेसन आयोजना निर्माणको महत्त्वपूर्ण चरणमा पुगेका छन्।

**दसैंअघि बालगंगा सबस्टेसन सञ्चालन गर्ने लक्ष्य**

मधेसमा निर्माणाधीन महत्त्वपूर्ण आयोजनामध्ये ढल्केबर–बालगंगा १३२ केभी प्रसारण लाइन तथा सबस्टेसन आयोजना एक हो। करिब २४ किलोमिटर लामो डबल सर्किट १३२ केभी प्रसारण लाइन नो–लोड अवस्थामा सफलतापूर्वक चार्ज भइसकेको छ। बालगंगा सबस्टेसनमा भने सिभिल निर्माण तथा उपकरण जडानको काम तीव्र गतिमा भइरहेको छ। मन्त्रालयले दसैंअघि नै आयोजना सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ।

हंसपुर नगरपालिका–९ मा निर्माण भइरहेको सबस्टेसनमा ६३ एमभीए क्षमताको १३२/३३ केभी सबस्टेसन रहने छ। करिब २ अर्ब १३ करोड ६० लाख रुपैयाँ लागत अनुमान गरिएको आयोजना अन्तर्गत ढल्केबर–लोहारपट्टी १३२ केभी लाइनको टावर नम्बर ३० बाट प्रसारण लाइन निकालेर बालगंगा सबस्टेसनमा जोडिने छ।

सबस्टेसनका पावर ट्रान्सफर्मर सहित अधिकांश प्रमुख उपकरण आयोजना स्थल पुगिसकेका छन्। सिभिल निर्माण अन्तिम चरणमा पुगेको छ भने उपकरण जडानको काम भइरहेको छ। कन्ट्रोल रुम र कर्मचारी आवास भवन निर्माण पनि अन्तिम चरणमा छन्। आयोजना सञ्चालनमा आएपछि मुजेलिया, यदुकोहा, धनुषाधाम, वीरेन्द्रबजार, लोहना र नगराइन लगायत क्षेत्रमा विद्युत् आपूर्ति सुधार हुने अपेक्षा छ। यसले समग्र धनुषाको वितरण प्रणाली समेत थप बलियो बनाउने मन्त्रालयको भनाइ छ।

**सिरहा–सप्तरीमा बढ्दो माग धान्ने तयारी**

मधेसको विद्युत् प्रणालीमा ३३ केभी र ११ केभी वितरण लाइनमा बढ्दो भार प्रमुख चुनौतीका रूपमा देखिएको छ। विशेषगरी सिरहा र सप्तरीका ग्रामीण तथा औद्योगिक क्षेत्रमा विद्युत् माग बढ्दै गएपछि विद्यमान वितरण संरचनाले भविष्यको माग धान्न कठिन हुने अवस्था छ। यसलाई सम्बोधन गर्न लहान–सुखीपुर १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ। लहान सबस्टेसनदेखि सुखीपुरमा प्रस्तावित १३२/३३/११ केभी सबस्टेसनसम्म करिब १७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ।

सुखीपुर सबस्टेसनमा ६३ एमभीएका दुई र २४ एमभीएको एक ट्रान्सफर्मर जडान गरिने छ। लहान सबस्टेसनमा पनि दुइटा १३२ केभी लाइन बे थपिनेछन्। करिब १ अर्ब ५३ करोड लागत अनुमान गरिएको आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन सम्पन्न भइसकेको छ। सुखीपुर सबस्टेसनको सीमा पर्खाल निर्माण तथा निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ।



प्रसारण लाइनका टावर निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण अन्तिम चरणमा पुगेको छ। निर्माण व्यवसायीले २४ महिनाभित्र प्रसारण लाइन निर्माण, परीक्षण तथा सञ्चालनमा ल्याउने गरी काम सुरु गरिसकेको प्राधिकरणले जनाएको छ। बाँकी जग्गा अधिग्रहण आगामी भदौसम्म सम्पन्न गर्ने लक्ष्य छ।

**सप्तरीमा बोदेबरसाइनसम्म प्रसारण पूर्वाधार**

सप्तरीमा विद्युत् माग र औद्योगिक सम्भावना ध्यान दिँदै रुपनी–बोदेबरसाइन १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ। करिब १८ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरी बोदेबरसाइनमा १३२/३३/११ केभी सबस्टेसन स्थापना गर्ने योजना छ।

प्रस्तावित सबस्टेसनमा ३० एमभीएका दुई र २४ एमभीएको एक ट्रान्सफर्मर रहनेछन्। रुपनी सबस्टेसनमा दुइटा १३२ केभी लाइन बे थपिनेछन्। आयोजना सम्पन्न भएपछि सप्तरीको मध्य तथा दक्षिण–पूर्वी क्षेत्रमा विद्युत् आपूर्ति सुधार हुनुका साथै भविष्यमा थपिने विद्युत् उत्पादन राष्ट्रिय प्रणालीमा जोड्न समेत सहज हुने प्राधिकरणको अपेक्षा छ। आयोजनाको अनुमानित लागत करिब १ अर्ब ५६ करोड छ। अध्ययनका काम सम्पन्न भइसकेका छन् भने सबस्टेसनको सीमा पर्खाल निर्माण र निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ। लागत अनुमान स्वीकृत भइसकेकाले बोलपत्र सम्बन्धी कागजात तयार गर्ने प्रक्रिया अघि बढाइएको छ।

**रौतहटको मध्य तथा दक्षिणी क्षेत्रमा पनि क्षमता विस्तार**

रौतहटमा चन्द्रपुर–सरुअठा १३२ केभी प्रसारण लाइन आयोजना मार्फत मध्य तथा दक्षिणी क्षेत्रको विद्युत् आपूर्ति सुधार गर्ने तयारी छ। चन्द्रनिगाहपुरस्थित विद्यमान सबस्टेसनदेखि यमुनामाई गाउँपालिका–४ सरुअठामा प्रस्तावित सबस्टेसनसम्म करिब ३७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिने छ। सरुअठामा १३२/३३/११ केभी सबस्टेसन निर्माण गरी ६३ एमभीएका दुइटा १३२/३३ केभी तथा २४ एमभीएका दुइटा ३३/११ केभी ट्रान्सफर्मर जडान गर्ने योजना छ। प्रसारण लाइन निर्माण भएपछि गौर, मनपुर, सिम्रौनगढ र मौलापुर क्षेत्रका वितरण केन्द्रमा विद्युत् आपूर्ति थप भरपर्दो हुने अपेक्षा गरिएको छ। आयोजनाको करिब ७ किलोमिटर प्रसारण लाइन राष्ट्रिय वन क्षेत्र हुँदै जाने भएकाले वन क्षेत्रको स्वीकृति तथा टावरका लागि जग्गा अधिग्रहणको काम भइरहेको छ।

विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन, सबस्टेसनका लागि जग्गा अधिग्रहण, सीमा पर्खाल र सुरक्षा भवन निर्माण लगायत अधिकांश पूर्वनिर्माणका काम भने सम्पन्न भइसकेका छन्। प्रसारण लाइनको चेक सर्भे, टावर प्रोफाइलिङ, पेगिङ, पिट मार्किङ तथा कित्ता नक्सासम्बन्धी काम पनि पूरा भएको छ। करिब ९३ करोड ८२ लाख ४० हजार रुपैयाँमा गत जुलाईमा निर्माण व्यवसायीसँग सम्झौता भएको आयोजनाको निर्माण अवधि ३० महिना तोकिएको छ। सरुअठा सबस्टेसनका लागि खरिद प्रक्रिया पनि अघि बढिरहेको छ।

**बारा–पर्साको औद्योगिक करिडोरमा उच्च क्षमताको लाइन**

औद्योगिक करिडोरका रूपमा विकसित बारा–पर्सामा विद्युत् माग तीव्र बढिरहेका बेला हेटौंडा–परवानीपुर–पोखरिया १३२ केभी प्रसारण लाइन आयोजनालाई पनि प्राथमिकतामा राखिएको छ। आयोजना अन्तर्गत परवानीपुरदेखि पोखरियासम्म २१.२१ किलोमिटर लामो १३२ केभी चार सर्किट प्रसारण लाइन निर्माण गरिने छ। पोखरियामा नयाँ १३२/३३/११ केभी सबस्टेसन स्थापना तथा परवानीपुर सबस्टेसनमा बे विस्तार गरिने छ।

यसअघि पिलुवा (पथलैया)–परवानीपुर १७ किलोमिटर १३२ केभी डबल सर्किट लाइनमा हाई टेम्प्रेचर लो स्याग कन्डक्टर मार्फत पुनः कन्डक्टरिङको काम सम्पन्न भइसकेको छ। पोखरिया सबस्टेसनमा कन्ट्रोल रुम, कर्मचारी आवास, स्टोर, गार्ड हाउस तथा उपकरण र ट्रान्सफर्मर फाउन्डेसन निर्माण भइरहेका छन्। चार सर्किट टावर डिजाइन स्वीकृत भइसकेको छ भने संशोधित प्रारम्भिक वातावरणीय परीक्षण पनि स्वीकृत भइसकेको छ।

बोलपत्र प्रक्रिया सम्पन्न गरी चिनियाँ कम्पनीसँग निर्माण सम्झौता भइसकेको प्राधिकरणले जनाएको छ। आयोजना सन् २०२७ सेप्टेम्बरसम्म सम्पन्न गर्ने लक्ष्य छ।

## *मादक पदार्थको ...*

तर उपचारका क्रममा साउन २४ गते बिहान साढे ३ बजे प्रादेशिक अस्पताल लहानमा फुल कुमारीको मृत्यु भएको छ। आमाको मृत्यु भएपछि मृतककी छोरी लिला सदाले प्रहरीमा जाहेरी दिएकी छन्। छोरीको जाहेरीपछि प्रहरीले पहिलेको अभद्र व्यवहारको मुद्दालाई 'कर्तव्य ज्यान' मुद्दामा परिणत गरेको छ। अहिले इलाका प्रहरी कार्यालय कडरबोनाले अदालतबाट साउन २४ गतेदेखि लागू हुने गरी थप दश दिनको म्याद लिएर घटनाको अनुसन्धान गरिरहेको छ।

## *राजनीतिक...*

आएपछि पूर्वनगरप्रमुख मुनि साहको पालामा सुरु भएका आयोजनाको सूची तयार गरी नवीकरण र बजेट निकासा रोकियो। संघीय सरकारको करिब ८० लाख खर्च भइसकेपछि आयोजनाको बाँकी काम रोकियो।

नगरपालिकाले आफ्नो हिस्सामा रहेको ३० प्रतिशत बजेट व्यवस्थापन नगर्दा र भुक्तानी नदिँदा अन्ततः निर्माण कम्पनीले काम अलपत्र छाडेर हिँड्न बाध्य भएको वडाध्यक्ष चौधरी बताउनुहुन्छ। उहाँले भन्नुभयो, "हामीले पटक–पटक यो आयोजना निरन्तरता दिन आग्रह गर्यौं। तर बजेट व्यवस्थापन भएन। अन्ततः निर्माण कम्पनी अधुरै काम छाडेर हिँड्न बाध्य भयो।" तर अहिलेका नगरप्रमुख महेशप्रसाद चौधरी भने योजना राजनीतिक पूर्वाग्रहका कारण नभई वित्तीय जटिलताका कारण रोकिएको बताउनुहुन्छ। "हामी विकासविरोधी होइनौं, न त पूर्वाग्रह राखेर काम रोक्ने पक्षमा छौं। विगतको नेतृत्वले प्रक्रियागत वैधता, प्राविधिक तयारी र बजेटको स्रोत सुनिश्चितता नै नगरी केवल लोकप्रिय बन्ने हतारोमा ठूला योजना अघि बढाएको देखिन्छ," नगरप्रमुख चौधरीले स्पष्ट पार्नुभयो, "स्रोत नखुलेका र हतारमा ठेक्का लगाइएका आयोजनाले गर्दा पालिकामा गम्भीर वित्तीय जटिलता पैदा हुने भएकाले कतिपय आयोजना रोकिएका हुन्। म निर्वाचित भएर आइसकेपछि कतिपय पुराना आयोजनाको प्राविधिक मूल्याङ्कन, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको अवस्था हेरेर पारदर्शीरूपमा अगाडि बढाइएको छ।"

सिरहाका अन्य नगरपालिकामा पनि बहुवर्षीय आयोजना राजनीतिक खिचातानी, नयाँ नेतृत्वको बेवास्ता र बजेटको स्रोत सुनिश्चितताबिना सुरु गरिएका आयोजना अहिले बिचमै रोकिएका छन्। धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा १७ करोड लागतमा १५ शय्याको नगर अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरी निर्माण सुरु गरिएको थियो।

दुई वर्षमा सक्नुपर्ने यो आयोजना नयाँ नेतृत्वमा शिवशङ्कर महतो आएपछि भुक्तानी रोकिएर अधुरै छ, जसका कारण स्थानीयवासी पुरानो जीर्ण स्वास्थ्य चौकीबाटै सेवा लिन बाध्य छन्। यसका साथै जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवन पनि बजेट अभावमा रोकिएका छन्।

धनगढीमाई–१० मा २०७५ सालमा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको देशकै एक मात्र स्थानीय तहद्वारा सञ्चालित प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा छ। पूर्व नगरप्रमुख हरिनारायण चौधरी भन्नुहुन्छ, "माटो, पानी, बाफ र मालिसबाट उपचार गरिने यो अस्पताल पछिल्लो नेतृत्वको चरम बेवास्ताका कारण बन्द हुन पुगेको हो।" नयाँ नेतृत्वले पुरानो आयोजनाको दायित्व स्वीकार नगर्दा स्थानीय आयोजना लथालिङ्ग भएको उहाँको भनाइ छ।

उता वर्तमान नगरप्रमुख शिवशंकर महतो भने विगतको नेतृत्वले नियमविपरीत सिर्जना गरेको दायित्वका कारण समस्या पैदा भएको बताउनुहुन्छ। "विगतमा स्रोत सुनिश्चितता नगरी प्रक्रिया मिचेर ठेक्का लगाइएका योजनामा कानुनी र वित्तीय जटिलता आएको हो," प्रमुख महतोले भन्नुभयो, "हामीले प्रतिशोध राखेका होइनौं। बेरुजु नआउने गरी रोकिएका योजना सञ्चालन गर्ने र कार्यविधि बनाएर अस्पताल तथा विद्यालय भवनका अधुरा काम पुरा गर्ने तयारीमा छौं।"

गोलबजार नगरपालिकामा पनि अवस्था उस्तै छ। तत्कालीन नगरप्रमुख देवनाथ साहको पालामा २०७७ सालमा २८ करोड लागतमा सुरु भएको बहुवर्षीय नगर भवन चार तला ढलान सम्पन्न भएर अन्तिम चरणमा पुगेको थियो। निर्माण सम्पन्न हुने चरणमा पुगेको उक्त भवनको ठेक्का रद्द गरिएपछि अहिले बनेको संरचनासमेत रेखदेखको अभावमा जीर्ण बन्दै गएको छ भने नगरपालिका साँघुरो भवनबाट सेवा प्रवाह गर्न बाध्य छ। उता निर्माण कम्पनीले उच्च अदालत पाटनमा 'स्टे अर्डर'को माग गर्दै रिट हालेको छ। गोलबजारका वर्तमान नगरप्रमुख श्याम श्रेष्ठ भने ठेकेदारको ढिला सुस्तीका कारण ठेक्का तोड्नु परेको तर्क गर्नुहुन्छ। "हामीले आयोजना रोकेका होइनौं, ठेकेदारले तोकिएको समयमा काम नगरेकाले कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको हो," प्रमुख श्रेष्ठले भन्नुभयो, "अहिले अदालतमा मुद्दा विचाराधीन अवस्थामा भएकाले नयाँ प्रक्रियाबाट नगर भवन सम्पन्न गर्ने योजना रोकिएको छ।"

नेपालको संविधानअनुसार स्थानीय सरकार एक अविच्छिन्न उत्तराधिकारवाला निकाय हो। आवधिक निर्वाचनबाट नेतृत्व फेरिए पनि संस्थाको दायित्व, सम्पत्ति र सुरु भइसकेका विकास आयोजनाको निरन्तरता रोकिनु हुँदैन। सार्वजनिक खर्च व्यवस्थापनका दृष्टिकोणबाट पनि काम भइसकेका आयोजनाको भुक्तानी रोक्नु र निर्माणाधीन संरचना छाड्नुले वित्तीय अनुशासन विथोलिने विज्ञको भनाइ छ।

अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार बीचमै आयोजना रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदाताको हुन्छ। "निर्माणमा सार्वजनिक पैसा खर्च भइसकेपछि त्यसबाट समयमै सेवा उत्पादन हुन नसक्नु भनेको सार्वजनिक स्रोतको क्षति हो। बिना प्रतिफलको खर्च मात्रै हो। भुक्तानी रोकिँदा कानुनी दायित्व र बेरुजु दुवै बढ्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि पालिकालाई अविच्छिन्न उत्तराधिकारवाला संस्था मानेकाले अघिल्लो सरकारले सुरु गरेको भन्दै आयोजना रोक्नु वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्व दुवैका दृष्टिले उचित होइन," उहाँले भन्नुभयो।

राजनीतिक नेतृत्वको दलीय अडान र प्रक्रियागत उल्झनको मारमा स्थानीय नागरिक परेका छन्। लहानका स्थानीय सत्यनारायण चौधरी आफ्नो आक्रोश पोख्दै भन्नुहुन्छ, "चुनावमा नेता बदलिन्छन्, तर हाम्रो दुःख उस्तै रहन्छ। अघिल्ला मेयरले सुरु गरेको काम अहिलेकाले रोक्ने हो भने हाम्रो करको पैसा यसै गरी बालुवामा पानी कहिलेसम्म भइरहने ?"

राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या व्यक्ति परिवर्तनभन्दा पनि राजनीतिक संस्कृतिमा छ। उहाँ भन्नुहुन्छ, "स्थानीय सरकार व्यक्ति होइन, संस्था हो। निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, राज्यको दायित्व परिवर्तन गर्दैन। तर हामी कहाँ विकास आयोजना पनि राजनीतिक स्वामित्वको विषय बनाइन्छ। जसले सुरु गर्यो उसैले जस पाउने मानसिकताले अर्को नेतृत्वले निरन्तरता दिन चाहँदैन। यसको मूल्य अन्ततः नागरिकको टाउकोमा थोपरिन्छ।"

# पल्लव साहित्य प्रतिष्ठानको 'बृहत् साहित्यिक कुम्भ मेला' भदौ १३ गते, ६ स्रष्टा सम्मानित हुने



चितवन, २७ साउन । पल्लव साहित्य प्रतिष्ठान, चितवनको आयोजनामा बर्सेनि हुँदै आएको 'बृहत् साहित्यिक कुम्भ मेला' यस वर्ष आगामी भदौ १३ गते नारायणगढस्थित पर्व पार्टी प्यालेसमा आयोजना हुने भएको छ । नेपाली भाषा, साहित्य र कलाको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने छ जना स्रष्टा तथा द्रष्टालाई समारोहमा 'पल्लव राष्ट्रिय साहित्य सम्मान–२०८३' सहित विभिन्न पुरस्कारद्वारा पुरस्कृत गरिने आयोजकले जनाएको छ ।

प्रतिष्ठानका अध्यक्ष ऋषिप्रसाद लामिछाने (गोर्खे साइलो) का अनुसार संस्कृत विधामा विद्यावारिधि गर्ने प्रथम नेपाली महिला डा. दिव्यप्रियंवदा काफ्लेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न हुनेछ । सम्मानित तथा पुरस्कृत हुनेहरूमा स्याङ्जा गल्याङका चण्डिप्रसाद भट्टराई (बोधनाथ–हिमकुमारी लामिछाने स्मृति पुरस्कार) र स्याङ्जाकै वालिङका मिलन समीर (शेषनाथ लामिछाने स्मृति बाल साहित्य पुरस्कार) रहेका छन् । त्यस्तै विराटनगरको नानुमैया दाहाललाई मीना–रत्न साहित्य पुरस्कार, मध्यपुर ठिमी, भक्तपुरकी दुर्गा घिमिरेलाई केदारनाथ रिजाल, गुणकुमारी एवम् रोगकुमारी रिजाल स्मृति पुरस्कार, बेलकोटगढी, नुवाकोटका शिखरनाथ ढकाललाई काजीमान श्रेष्ठ तथा नन्दकुमारी–सन्तकुमारी श्रेष्ठ रत्न पुरस्कार र गैडाकोट, नवलपुरकी भूमिका गैह्रे तिम्सिनालाई युसुफदिन–हलिमा पुरस्कार प्रदान गरिनेछ ।

पुरस्कृत सबै स्रष्टाहरूलाई 'पल्लव राष्ट्रिय सम्मान–२०८३' बाट समेत विभूषित गरिने अध्यक्ष लामिछानेले जानकारी दिए । देशभरका साहित्यकारहरूको उपस्थिति रहने उक्त समारोहमा 'नारी स्रष्टा परिचयकोष–२', 'पल्लव' को ३० औँ अंक, छन्द कविता संग्रह 'अभीप्सा' र कथासंग्रह 'लावण्यस्मृति' लगायतका कृतिहरूको सामूहिक विमोचन गरिने कार्यक्रम रहेको छ ।

# तापक्रम बढेसँगै तराईको जनजीवन प्रभावित

**अजय शाह**

महोत्तरी, २७ साउन । साउन चौँथो साता सकिन लाग्दासमेत पर्याप्त मनसुनी वर्षा हुन नसक्दा महोत्तरी सहित तराई–मधेसमा गर्मी अत्यधिक बढेको छ । केही दिनयता मध्याह्नको तापक्रम ३८ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न थालेपछि महोत्तरीसहित मधेश प्रदेशका जिल्लाको जनजीवन प्रभावित भएको छ ।

सूर्योदयदेखि साँझसम्म चर्को घाम लाग्ने र वर्षा भएलगत्तै पुनः टन्टलापुर घाम लाग्ने क्रमले गर्मी थप बढाएको स्थानीयको भनाइ छ । मध्याह्नमा घरबाहिर निस्कनसमेत कठिन हुने गरी गर्मी बढेपछि सर्वसाधारणको दैनिकी प्रभावित भएको छ । छहारीमा बस्दा पनि तर्तरी पसिना आउने र पंखाबाट समेत तातो हावा आउने गरेको उनीहरू बताउँछन् ।

जल तथा मौसम विज्ञान कार्यालय जनकपुरका प्रमुख राजीव झाले मंगलबार जनकपुरधामको अधिकतम तापक्रम ४१ डिग्री सेल्सियस पुगेको बताउनुभयो । तापक्रम ४१ डिग्री पुगे पनि महसुस हुने तापक्रम करिब ४८ डिग्री सेल्सियससम्म देखिएको उहाँले जानकारी दिनुभयो । मधेशमा मनसुन पूर्ण रूपमा सक्रिय नभएका कारण अपेक्षित वर्षा हुन नसकेको र वर्षा रोकिएलगत्तै चर्को घाम लाग्दा वाष्पीकरण बढेर गर्मी थप चर्किएको झाले बताउनुभयो । उहाँका अनुसार आगामी दुई दिनसम्म पनि गर्मीको अवस्था यस्तै रहने सम्भावना छ । बुधबार जनकपुरधामको तापक्रम ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न सक्ने अनुमान गरिएको उहाँले बताउनुभयो ।

वातावरण विज्ञ अशोक यादवका अनुसार केही दिनयता तराई–मधेसमा 'लु' अर्थात् तातो हावाको प्रभाव बढेको छ । मधेश प्रदेशका विभिन्न जिल्लामा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुग्न थालेकाले तातो हावाको जोखिम बढेको उहाँले बताउनुभयो । केही दिनअघि सुरु भएको यो अवस्था शुक्रबारसम्म कायम रहने उहाँको अनुमान छ ।

# पर्सा राष्ट्रिय निकुञ्जमा 'बाघ मित्र' अभियान

जनकपुरधाम, २७ साउन । बाघको संख्या बढेसँगै पर्सा राष्ट्रिय निकुञ्जले 'बाघ मित्र' अभियानलाई सञ्चालन गर्ने तयारी गरेको छ । पर्सा राष्ट्रिय निकुञ्जमा पाठे बाघको संख्या ७१ पुगेको छ । निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाका अनुसार निकुञ्जमा यसअघि ४१ बाघ रहेकामा हालै गरिएको बाघ गणनाका क्रममा बाघको संख्या एकैपटक ३० वटा बढेको हो ।

निकुञ्जमा बाघको संख्या बढेपछि वन्यजन्तुप्रतिको नागरिकको सोच र आनीबानीमा परिवर्तन ल्याई मानव–बाघबीच सहअस्तित्व प्रवर्द्धन गर्ने तथा वन्यजन्तुहरूबाट हुने मानवीय क्षतिलाई शून्यमा झार्ने लक्ष्यसहित निकुञ्जले 'बाघ मित्र' अभियानलाई विस्तार गर्ने तयारी गरिएको प्रमुख खतिवडाले बताए ।

निकुञ्जसँग जोडिएको पर्सा, बारा र मकवानपुर जिल्लाका डिभिजन वन कार्यालयको समन्वयमा समुदायस्तरमा अभियान सञ्चालन गरिएको निकुञ्ज प्रमुख खतिवडाको भनाइ छ । उनका अनुसार अभियानअन्तर्गत समुदायको अग्रसरतामा वन्यजन्तुको महत्वबारे जनचेतना जगाउने, वन्यजन्तुबाट कसरी बच्ने, समस्या पर्दा कसरी समाधान गर्ने, राहत प्राप्त गर्ने विधिबारे अन्तर्क्रिया तथा छलफल कार्यक्रम सञ्चालन भइरहेको छ ।

"कहिलेकाहीँ आहारको खोजीमा बाघ जङ्गलबाट निस्किन्छ, बाघलाई देख्नेबित्तिकै मान्छेमा नकारात्मक सोच आइहाल्छ", प्रमुख खतिवडाले भने, "त्यसैले बाघप्रति समुदायमा सकारात्मक सन्देश दिने र बाघबाट जोगिने विधिबारे सचेतना जगाउन अभियान चलाएका छौँ ।" बाघ हाम्रो शत्रु होइन, उसको पनि अस्तित्व हुन्छ, त्यही भएर बाघलाई देखाएर पर्यापर्यटन प्रवर्द्धन गर्न सकिन्छ भने सकारात्मक कुरा फैलाउन अभियान सञ्चालन गरिएको उनको भनाइ छ ।

जङ्गलमा डढेलो लगाउने, चोरी तस्करी गर्नेलगायतका नागरिकको आनीबानीका कारण वन्यजन्तुहरू जङ्गल बाहिर निस्किँदा मानव–वन्यजन्तुबीच द्वन्द्व हुने गरेको उनले बताए ।

# स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित एक पक्राउ

सर्लाही, २७ साउन । सर्लाहीको ब्रह्मपुरी गाउँपालिका–२ स्थित राजदेवी मन्दिर अगाडिबाट स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले भेल्हीबाट बयलबासतर्फ जाँदै गरेको ज १० प ८६५२ नम्बरको स्कुटरलाई रोकेर जाँच गर्ने क्रममा उक्त रकम बरामद गरेको हो । स्कुटरको डिकी, अगाडिको खुट्टा राख्ने भाग ( फुटबोर्ड) तथा बोकी ल्याएको कालो झोलाभित्र लुकाइछिपाइ राखिएको अवस्थामा स्रोत नखुलेको नेपाली रुपैयाँ ५१ लाख ३४ हजार बरामद गरिएको प्रहरीले जनाएको छ ।

बरामद रकममा एक हजार रुपैयाँ दरका तीन हजार ५०० थान, पाँच सय रुपैयाँ दरका तीन हजार १०८ थान, एक सय रुपैयाँ दरका सात सय थान र ५० रुपैयाँ दरका दुई सय थान नोट रहेका छन् । नियन्त्रणमा लिने क्रममा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा चालक महोत्तरीको गौशाला नगरपालिका–१२ बस्ने ५७ वर्षीय जगन्नाथ महतो कोइरी घाइते हुनुभएको छ । उहाँको प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपछि थप उपचारका लागि म्याक्स अस्पताल मलङ्गवा लगिएको र हाल अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

निजलाई नियन्त्रणमा लिने क्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी सहायक हवल्दार राजेशकुमार यादव र प्रहरी जवान रामचन्द्र यादवसमेत सामान्य घाइते हुनुभएको थियो । उहाँहरू प्रादेशिक अस्पताल मलङ्गवामा उपचारपछि डिस्चार्ज भइसक्नुभएको छ । बरामद रकम, स्कुटर र पक्राउ परेका कोइरीलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# उपचार खर्च जुटाउन चन्दा अभियान

सप्तरी, २७ साउन । गरिबीका कारण उपचार खर्च जुटाउन नसक्दा सप्तरीको खडक नगरपालिका–४, अमहा टोलकी ५० वर्षीय जलिफन खातुन ब्रेन ट्युमरको पीडा सहेर घरमै बस्न बाध्य हुनुभएको छ । उपचार पाए जीवन बच्न सक्ने आशा भए पनि पैसाको अभावमा उहाँ रोग पालेर बसिरहनुभएको हो । भूमिहीन खातुनका श्रीमान्को छ वर्षअघि निधन भएको थियो । घरमा १० वर्षीय एक मात्र छोरा छन् । परिवारमा कमाउने कोही नभएपछि उहाँको जीवन झनै कष्टकर बनेको छ । त्यहाँको अमहा टोलस्थित पोखरी डिलको ऐलानी जग्गामा



फुसको सानो झुप्रो बनाएर छोराका साथमा बस्दै आएकी खातुन अहिले गम्भीर स्वास्थ्य समस्यासँग लडिराख्नुभएको छ ।

खातुनको दयनीय अवस्था हेरेर टोलकै केही व्यक्तिले दुई महिनाअघि डेढ लाख जति चन्दा उठाएर विराटनगरमा प्रारम्भिक उपचार गराइदिएका थिए । विराटनगरमा जाँचका क्रममा चिकित्सकले ब्रेन ट्युमर भएको तथा उपचारका लागि छ लाख रुपियाँ थप खर्च लाग्ने बताएपछि रकम अभावमा उपचारै नगरी उहाँ घर फर्किनुभएको हो । काठमाडौँमा भने पाँच लाख रुपियाँमा उपचार हुने गाउँका स्वास्थ्यकर्मीले बताएको खातुनले सुनाउनुभयो तर पैसाको जोहो हुन नसक्दा रोग पालेर घरमै बसिरहेको उहाँले बताउनुभयो ।

यसैबिच खातुनको ज्यान जोगाउन उपचार खर्चका लागि चन्दा सङ्कलन अभियान थालिएको छ । सामाजिक अभियन्ता अनवर अलीको अगुवाइमा शुक्रबारदेखि उपचार खर्च जुटाउन चन्दा सङ्कलन अभियान थालिएको हो । आफूले समेत केही नगद सहयोग गरी सुरु गरेको 'खातुन बचाऊँ चन्दा सङ्कलन अभियान' मा सबैको सहयोगबाट उपचार खर्च सङ्कलन हुने र खातुनले नयाँ जीवन पाउने अभियन्ता अलीले विश्वास व्यक्त गर्नुभयो ।

उहाँले उपचारका लागि पैसाको खोजीमा भौँतारिएकी खातुनलाई उपचार खर्चमा सहयोग गर्न स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ र दिदीबहिनीलाई अपिलसमेत गर्नुभयो ।

# सप्तरीको डाक्नेश्वरी नगरपालिकाद्वारा पाँच दिनभित्र अवैध संरचना हटाउन निर्देशन

सप्तरी, २७ साउन । सप्तरीको डाक्नेश्वरी नगरपालिकाले सार्वजनिक ऐलानी जग्गा अतिक्रमण गरी निर्माण गरिएका घर तथा टहरा हटाउन सम्बन्धित व्यक्तिहरूलाई निर्देशन दिएको छ । नगरपालिकाले वडा नम्बर ९ स्थित सखुवा चोकमा सार्वजनिक ऐलानी जग्गा अतिक्रमण गरी केही स्थानीयवासीले घर तथा टहरा निर्माण गरेको जनाउँदै पाँच दिनभित्र त्यस्ता संरचना हटाउन सूचना जारी गरेको हो । वडा नम्बर ९ को कार्यालय, पत्थरगाडले गरेको निर्णय तथा सिफारिस र नगरपालिकाले यसअघि जारी गरेका अवैध संरचना हटाउनेसम्बन्धी सूचनालाई आधार बनाउँदै नगरपालिकाले पुनः यस्तो सूचना जारी गरेको जनाएको छ । नगरपालिकाका अनुसार २०८१ भदौ १ गते वडा समितिको निर्णय, २०८१ चैत २० गते वडा कार्यालयको सिफारिस तथा २०८१ चैत २१, २०८३ जेठ ११ र २०८३ जेठ २५ गते प्रकाशित सूचनाअनुसार अतिक्रमित संरचना हटाउन भनिएको हो । नगरपालिकाले तोकिएको पाँच दिनभित्र अवैध संरचना तथा अतिक्रमित जग्गा खाली नगरेमा प्रचलित कानुनबमोजिम नगरपालिकाले नै संरचना हटाउने चेतावनी दिएको छ । त्यस क्रममा हुने क्षतिको जिम्मेवारी नगरपालिकाले नलिने सूचनामा स्पष्ट पारिएको छ । नगरप्रमुख राम लखन मलाहद्वारा जारी सूचनामा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर जग्गा खाली गर्न सम्बन्धित सबैलाई आग्रह गरिएको छ ।

# कोशीमा कांग्रेसका मन्त्रीले बुझाए राजीनामा

विराटनगर, २७ साउन । कोशी प्रदेश सरकारबाट नेपाली कांग्रेस बाहिरिएको छ । सत्ता समीकरण फेरिएपछि बुधबार कांग्रेस प्रदेश सरकारबाट बाहिरिएको हो । बुधबार कांग्रेसबाट प्रदेश सरकारमा सहभागी मन्त्रीले राजीनामा दिएको कांग्रेस नेता तथा पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले जानकारी दिए । नेकपा एमाले र नेकपाबीच सत्ता समीकरण बनेपछि कोशीका मन्त्रीलाई राजीनामा दिन दबाब थियो । कोशी प्रदेश सरकारमा नेपाली कांग्रेसबाट भौतिक पूर्वाधार विकासमन्त्री प्रदीप सुनुवार, स्वास्थ्यमन्त्री मानबहादुर लिम्बू, उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरी, पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली र भौतिक पूर्वाधार विकास राज्यमन्त्री शोभा चेम्जोङ सहभागी थिए । कांग्रेस बाहिरिएपछि अब नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सरकारमा सहभागी हुनेछ ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)